info.dcpyuthan@supremecourt.gov.np

# प्यूठान जिल्ला अदालत
## प्यूठान, खलंगा

पत्रसंख्या:०८२/८३

मिति:२०८२।०४।१४।

चलानी नं. ६५

विषयः-बालमनोविज्ञ वा बाल बिशेषज्ञको लागि सूचिकृत हुने सम्वन्धी सूचना।

यस अदालतमा बालबालिका सम्वन्धी ऐन,२०७५ बमोजिम बालबालिका संलग्न रहेका मुद्दाहरुको कारवाही एवं सुनुवाईको प्रकृयामा समाजसेवी एवं बालमनोविज्ञ वा बाल बिशेषज्ञको उपस्थितिमा सुनुवाई गर्नुपर्ने र दफा ३०(४) बमोजिम बाल इजलासको सदस्यसमेत हुने हुंदा सो वमोजिम सम्वन्धीत बिषयमा तालिम प्राप्त इच्छुक व्यक्तिहरुबाट यो सूचना प्रकाशनको मितिले १५(पन्ध्र) दिन भित्र यस अदालतमा दरखास्त दिनुहुन सूचित गरिन्छ।

डिल बहादुर घर्ती मगर
शाखा अधिकृत

आवस्यक कागजातहरु

१.नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

२.मान्यता प्राप्त बिश्वबिद्यालयबाट मनोबिज्ञान बिषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरेको वा मान्यता प्राप्त बिश्वबिद्यालयबाट कुनै बिषयमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरी बाल अधिकार वा मनोबिज्ञानका सम्वन्धमा कम्तीमा २ महिनाको तालिम प्राप्त गरेको प्रमाणपत्र।

✉ info.dcpyuthan@supremecourt.gov.np

# प्यूठान जिल्ला अदालत
## प्यूठान,खलंगा

पत्रसंख्या:०८२/८३ मिति:२०८२।०४।१४

चलानी नं. ६४

## सूचना

विषयः-मेलमिलापकर्ताको सुची अध्यावधिक गर्ने तथा मेलमिलापकर्ताको रुपमा सुचीकृत हुने सम्बन्धमा।

जिल्ला अदालत नियमावली २०७५ को नियम ४९ को दफा ५० को प्रयोजनार्थ यस अदालतमा मेलमिलापकर्ताको रुपमा आफ्नो नाम अद्यावधिक गराउन चाहने सुचीकृत मेलमिलापकर्ता र आफ्नो नाम यस अदालतमा सुचीकृत गराउन चाहने व्यक्तिले मेलमिलाप सम्वन्धी आधारभूत तालिम लिई मेलमिलाप परिषदबाट प्रमाणपत्र प्राप्त गरी म्याद कायम रहेको मेलमिलापकर्ताले मेलमिलाप सम्वन्धी नियमावली,२०७०को नियम ९ बमोजिम मुद्दा हेर्ने निकाय,स्थानिय निकाय वा मेलमिलाप सम्वन्धी कार्य संस्थाले प्रत्येक वर्ष मेलमिलापकर्ता सूचि अध्यावधिक गर्नु पर्ने व्यवस्था रहेको हुँदा यस प्यूठान जिल्ला अदालत मेलमिलाप केन्द्रमा सूचिकृत रहेका मेलमिलापकर्ताहरुको यस आर्थिक वर्ष २०८२/८३का लागि आफ्नो नाम मेलमिलापकर्ताको सूचीमा अध्यावधिक गराउनु हुन र नयाँ मेलमिलापकर्ता सुचीकृत हुन चाहनेले यो सूचना प्रकाशन भएको मितिले ३० तिस दिन भित्र निवेदन दिनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

४।१४

डिल बहादुर घर्ती मगर
शाखा अधिकृत

शाखा अधिकृत

info.dcpyuthan@supremecourt.gov.np

# प्युठान जिल्ला अदालत

## प्यूठान,खलंगा

पत्रसंख्या:०८२/८३ मिति:२०८२।०४।१४

चलानी नं. ६३

विषयः-स्वेच्छिक कानुनी सहायता (प्रो-बोनो)सेवा सम्वन्धी सूचना।

उपरोक्त सम्वन्धमा जिल्ला अदालत नियमावली,२०७५ को नियम १०४(१)को प्रयोजनार्थ यस अदालतमा विचाराधिन असहाय,नाबालक,आर्थिक रुपले विपन्न वा थुनामा रहेका मुद्दाका पक्षहरुलाई स्वेच्छिक निःशुल्क कानूनी सहायता(प्रो-बोनो) सेवा उपलब्ध गराउन यस अदालतमा प्रो-बोनो सेवा दिन ईच्छुक कानून व्यवसायीहरुको सूची तयार गर्ने प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ। अतः उपर्युक्त बमोजिम स्वेच्छिक निःशुल्क कानूनी सहायता(प्रो-बोनो) सेवा प्रदान गर्न ईच्छुक कानून व्यवसायीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र कानून व्यवसायी प्रमाण पत्रको प्रतिलिपि सहित यस अदालतको प्रशासन शाखामा निवेदन पेश गर्न अनुरोध गरिन्छ।

डिल बहादुर घर्ती मगर

शाखा अधिकृत

शाखा अधिकृत

info.dcpyuthan@supremecourt.gov.np

# प्यूठान जिल्ला अदालत
## प्यूठान,खलंगा

प्यूठान जिल्ला अदालत प्यूठान, खलंगा २०२१

पत्रसंख्या:०८२/८३
चलानी नं. ६१

मितिः२०८२।०४।१४

विषयः-दोभासेको लागि सूचीकृत हुने सम्वन्धी सूचना।

उपर्युक्त सम्वन्धमा यस अदालतमा बिचाराधिन मुद्दामा संलग्न पक्षहरुले बोल्ने भाषाहरुको सहजिकरणका लागि देहायको भाषा मध्ये कुनै एक वा सवै राम्रोसँग लेख्न बोल्न,पढ्न र बुझ्न सक्ने ईच्छुक व्यक्तिहरुले दोभाषेको कार्य गर्नका लागि यो सूचना प्रकाशन भएको मितिले ३० तिस दिन भित्र आफुले सो भाषा सम्वन्धी ज्ञान भएको खुल्ने कुनै कागजात भए सो समेत संलग्न गरी दरखास्त दिनुहुन अनुरोध गरिन्छ।

८२/४/१४

डिल बहादुर घर्ती मगर
शाखा अधिकृत
शाखा अधिकृत

प्रदान गर्नुपर्ने भाषाहरु सवै वाकुनै एक

अंग्रेजी,हिन्दि,नेवारी,मगर,गुरुङ,मैथली आदी।